बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
२०७३
३ नं. प्रदेश, नेपाल

## विषय: शिलबन्दी प्रस्ताव माग गरिएको सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०७६/०९/२३ गते

यस बलेफी गाउँपालिकाको मिति २०७६/०८/०८ बसेको गाउँ कार्यपालिकाको बैठकको निर्णयअनुसार गाउँपालिकाक्षेत्रभित्रको घाटहरुबाट सञ्चालन हुने र्‍याफ्टीङ तथा कायोकिङ शुल्क बढाबढको माध्यमबाट ठेक्कामार्फत संकलन गराउनु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुहरुले देहाय बमोजिमको शर्तको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र शिलबन्दी प्रस्ताव गाउँपालिका कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | स्थान | न्युनतम रकम (कर बाहेक) | कैफियत |
|---|---|---|---|
| ०१-०७६/०७७ | बलेफी गाउँपालिका क्षेत्रभित्रको ब्रम्हायणी नदी र सुनकोशी नदिको घाटहरुबाट | १,००,०००/- | |

शर्तहरु:

१. प्रस्ताव पेश गर्न संस्था दर्ता भएको, VAT/PAN दर्ता भएको, नियमानुसार वार्षिक नविकरण भएको, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

२. प्रस्ताव फाराम यस कार्यालयको कार्यालय समयभित्र रु १०००/- (एक हजार) मा खरिद गर्न सकिनेछ । वा बलेफी गाउँपालिकाको नाममा रहेको एन.आइ.सी. एसिया बैंक खाडीचौर शाखामा रहेको आन्तरिक आम्दानी खाता नं. J४CA०००३५७०५२४०७ रकम जम्मा गरेको बैंक भौचर पेश गर्न सकिनेछ ।

३. पेश भएको बोल कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको एन.आइ.सी. एसिया बैंक लि. खाडीचौर शाखामा रहेको धरौटी खाता नं. J४CA०००३५७०५२४०५ जम्मा गरेको सक्कलै बैंक भौचर र वाणिज्य बैंकबाट जारी गरिएको १२० दिन मान्य हुने यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

४. र्‍याफ्टीङ र कायोकीङ शुल्क संकलन गर्दा बलेफी गाउँपालिकाको आर्थिक ऐन, २०७६ को दफा ९ सँग सम्बन्धित अनुसूची-८ बमोजिमको दररेटमा मात्र संकलन गर्न पाइनेछ ।

५. प्रस्ताव खामबन्दी गरी बुझाउने अन्तिम मिति २०७६/१०/०८ गते बुधबार दिनको ४:०० बजेभित्र पेश गर्नुपर्नेछ र भोलीपल्ट दिनको १२:०० बजे प्रस्तावकर्ताको प्रतिनिधीहरुको रोहबरमा उक्त प्रस्ताव खोलिनेछ ।

६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने विषयमा सम्पूर्ण अधिकार बलेफी गाउँपालिकमा सीमित रहनेछ ।

७. माथी उल्लेखित शर्तहरुमा केहि कुरा छुट भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत